वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १४९ | २०८३ असोज १५ गते विहीबार, नेपाल सम्वत् ११४६ October 01, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## खानेपानीका लागि उपभोक्ताको श्रमदान

तनहुँको भानु नगरपालिका-८ बेलटारका स्थानीय खानेपानीको ट्याङ्किमा फिल्टरको कामका लागि आवश्यक सहयोगस्वरूप श्रमदान गर्दै । यस ट्याङ्कीबाट स्थानीय करिब ५० घर पारिवारले खानेपानी उपभोग गर्ने गर्दछन् ।

*तस्विर : भञ्ज्याङ*

# कांग्रेस क्षेत्रीय नेतृत्वमा त्रिपाठी : 'गुमेको साख फर्काउन सबैलाई मिलाएर अघि बढ्छु'

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत तनहुँ क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिमा आनन्दराज त्रिपाठी निर्वाचित भएका छन् । त्रिपक्षीय प्रतिस्पर्धामा ३८६ मत प्राप्त गर्दै त्रिपाठी क्षेत्रीय नेतृत्वमा पुगेका हुन् । उनका निकटतम प्रतिस्पर्धी विश्वेश्वर खनालले ३६३ मत प्राप्त गरे भने अर्का उम्मेदवार सूर्यचन्द्र हड्खलेले २५६ मत पाए । कुल १ हजार ६८ मत खसेकोमा त्रिपाठीले खनाललाई २३ मतको अन्तरले पराजित गरेका हुन्।

भानु नगरपालिकाका नगरप्रमुखसमेत रहेका त्रिपाठीले निर्वाचनबाट प्राप्त जिम्मेवारीलाई व्यक्तिगत विजयभन्दा संगठन निर्माणको अवसरका रूपमा लिएको बताएका छन् । उनले पार्टीभित्रको प्रतिस्पर्धा समाप्त भएसँगै अब सबै पक्षलाई समेटेर कांग्रेसलाई जनतामाझ पुन: विश्वासिलो बनाउनेतर्फ आफू केन्द्रित हुने बताए ।

'कांग्रेसको गुमेको साखलाई फिर्ता ल्याउनुछ । सबैलाई मिलाएर अगाडि बढ्छु', त्रिपाठीले भने ।

उनले आफूलाई मतदान गर्ने प्रतिनिधिसँगै निर्वाचनमा प्रतिस्पर्धा गरेका उम्मेदवार र उनीहरूसँग रहेका कार्यकर्तालाई समेत साथमा लिएर संगठनलाई अघि बढाउने बताए। पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाले सिर्जना गरेका मतभेदलाई व्यवस्थापन गर्दै कांग्रेसलाई बलियो बनाउनुपर्ने उनको भनाइ छ ।

क्षेत्रीय सभापतिको निर्वाचनमा त्रिपाठी र खनालबीचको मतान्तर २३ मात्र रहेकाले पनि नयाँ नेतृत्वका लागि सबै पक्षलाई समेटेर अघि बढ्नु महत्वपूर्ण देखिएको छ। एक हजारभन्दा बढी प्रतिनिधिले मतदान गरेको निर्वाचन परिणामले क्षेत्रीय तहमा नेतृत्वका लागि तीव्र प्रतिस्पर्धा रहेको देखाएको छ ।



क्षेत्रीय सचिवमा सरोज भण्डारी निर्वाचित भएका छन्। उनले ५०२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी तारानरेश पौडेलले ४१० मत प्राप्त गरे ।

यसैबीच कांग्रेस तनहुँ क्षेत्र नम्बर १ अन्तर्गत प्रदेशसभा 'क' को सभापतिमा धिरेश खनाल निर्वाचित भएका छन् । चार उम्मेदवारबीच भएको प्रतिस्पर्धामा खनालले २१४ मत प्राप्त गरे । हरिहर उप्रेतीले १५१, ईश्वर पौडेलले १५३ र कल्पना पोखेलले ४९ मत प्राप्त गरे। कुल ५९० मत खसेकोमा १८ मत बदर भएको निर्वाचन विवरणमा उल्लेख छ ।

प्रदेश 'क' को ३५ वर्षमुनिको प्रतिनिधितर्फ सुजन थपलिया १७८ मतसहित निर्वाचित भएका छन् । विशाल गिरीले १२१, सुरोज तिमिल्सिनाले १४१ र कविन्द्र ढकालले ८२ मत प्राप्त गरे ।

आदिवासी जनजातितर्फ तुलकुमार गुरूङ २८५ र सुरेन्द्रकुमार श्रेष्ठ २४५ मतसहित विजयी भए। सो समूहमा क्या. सुर्जकुमार मल्लले १३९, मिनबहादुर गुरूङले १७२ र नवीन गुरूङले १२८ मत प्राप्त गरे ।

खसआर्यतर्फ कृष्णप्रसाद ढुङ्गाना २८४ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी पंकज अधिकारीले २५१ मत पाए। प्रदेश 'क' का अन्य पदमा भने सर्वसम्मत नेतृत्व चयन भएको जनाइएको छ ।

त्यस्तै, प्रदेशसभा 'ख' को सभापतिमा कर्णबहादुर खत्री निर्वाचित भएका छन् । उनले ३४४ मत प्राप्त गर्दा प्रतिस्पर्धी बाबुराम श्रेष्ठले १२४ मत पाए । कुल ४७७ मत खसेकोमा नौ मत बदर भएको थियो। खत्रीले श्रेष्ठलाई २२० मतको अन्तरले पराजित गरेका हुन् । प्रदेश 'ख' का अन्य पदमा पनि सर्वसम्मत नेतृत्व चयन भएको जनाइएको छ ।

क्षेत्रीय तथा प्रदेशसभा क्षेत्रीय तहको नेतृत्व चयनसँगै कांग्रेस तनहुँ क्षेत्र नम्बर १ मा नयाँ नेतृत्वसामु संगठनलाई चलायमान बनाउने चुनौती थपिएको छ । निर्वाचनमा देखिएको प्रतिस्पर्धापछि

बाँकी तेश्रो पेजमा

# घिरिङमा वर्षाले क्षति पुऱ्याएका पुल र सडकको अनुगमन

**भञ्ज्याङ समाचारदाता/घिरिङ**

तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको नेतृत्वमा अविरल वर्षाका कारण घिरिङ गाउँपालिकामा पुगेको क्षतिको स्थलगत अनुगमन गरिएको छ । बुधबार जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्की, जिल्ला सुरक्षा समिति तनहुँका पदाधिकारी तथा घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापासहितको टोलीले गाउँपालिकाका विभिन्न क्षेत्रमा पुगेर क्षतिको अवस्थाबारे निरीक्षण गरेको हो ।

असोज ८ देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण घिरिङ गाउँपालिकाका विभिन्न स्थानमा क्षति पुगेका सातवटा झोलुङ्गे पुल, एउटा बेलिब्रिज तथा भिमाद-रामपुर सडकखण्डको टोलीले स्थलगत निरीक्षण गरेको जनाइएको छ ।



अनुगमनका क्रममा वर्षाका कारण पुल तथा सडकमा पुगेको क्षति, स्थानीय आवागमनमा परेको प्रभाव र तत्काल गर्नुपर्ने व्यवस्थापनका विषयमा जानकारी लिइएको थियो । टोलीले क्षतिग्रस्त संरचनाको अवस्थाबारे स्थानीय तह तथा सम्बन्धित पक्षसँग जानकारीसमेत लिएको छ ।

वर्षाका कारण क्षति पुगेका संरचनाको पुन:निर्माण तथा मर्मतका लागि आवश्यक प्रक्रिया अघि बढाउने विषयमा समेत अनुगमनका क्रममा छलफल भएको जनाइएको छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

# सम्पादकीय ............

www.bhanjyangnews.com

## उदहारयीय बन्दै बन्दीपुर अस्पताल

स्वास्थ्य सेवा लिन अस्पताल पुग्नुपर्ने हो, अस्पताल खुल्ने समय कुर्नुपर्ने होइन। तर हाम्रो स्वास्थ्य प्रणालीमा अझै पनि नागरिकले आफ्नो आवश्यकता र सुविधाअनुसार होइन, स्वास्थ्य संस्था खुलेको समयअनुसार उपचार खोज्नुपर्ने बाध्यता छ । यही पुरानो अभ्यासलाई केही हदसम्म चुनौती दिँदै बन्दीपुर अस्पतालले बिहानदेखि बेलुकासम्म र सार्वजनिक बिदाका दिनसमेत निःशुल्क ओपीडी सेवा सञ्चालन गर्नु सकारात्मक सुरूआत हो । यो सेवाको प्रभाव तथ्याङ्कमै देखिएको छ । २०८२ वैशाख १ गतेदेखि विस्तारित ओपीडी सञ्चालन गर्दै आएको अस्पतालमा गत साउनमा कुल सेवाग्राहीमध्ये ५०.२० प्रतिशतले अतिरिक्त समयमा सेवा लिए। भदौमा यस्तो सेवाग्राहीको हिस्सा बढेर ५४.६० प्रतिशत पुग्यो । अर्थात् अस्पतालमा उपचार र स्वास्थ्य परामर्श लिन आउनेमध्ये आधाभन्दा बढी नागरिकले नियमित कार्यालय समयबाहेकको सेवा उपयोग गरेका छन्। यो सामान्य तथ्याङ्क होइन । यसले स्वास्थ्य सेवा र नागरिकको दैनिकीबीच रहेको असमानतालाई उजागर गर्छ । अस्पताल बिहान १० बजे खुल्नु र कामदार बिहान ८ बजे काममा पुग्नुबीच तालमेल हुँदैन । कर्मचारी कार्यालयमा हुन्छन्, विद्यार्थी कक्षामा हुन्छन्, व्यवसायी पसलमा हुन्छन्, मजदुर श्रममा हुन्छन् र गृहिणी घरायसी काममा व्यस्त हुन्छन्। बिरामी भएपछि पनि यी नागरिकले आफ्नो जिम्मेवारी छाडेर अस्पताल पुग्न नसक्ने अवस्था छ । त्यसैले बिहान ७ देखि बेलुकी ७ बजेसम्मको सेवा समय उनीहरूका लागि सुविधा मात्र होइन, पहुँचको सवाल हो ।

अझ महत्वपूर्ण कुरा, बन्दीपुर अस्पतालले शनिबार, आइतबार र सार्वजनिक बिदाका दिनसमेत ओपीडी सञ्चालन गरिरहेको छ । स्वास्थ्य समस्या देखिएपछि 'अस्पताल खुलेको दिन' कुर्नुपर्ने बाध्यता हटाउनु स्वास्थ्य सेवाको वास्तविक सुधार हो। बिरामीलाई अस्पतालको कार्यतालिकामा बाँध्ने होइन, अस्पतालको सेवा नागरिकको जीवनशैलीसँग जोड्ने सोच आवश्यक छ । तर यहाँ एउटा प्रश्न पनि उठ्छ– समय बढाएर मात्रै स्वास्थ्य सेवा सुध्रिन्छ त? पक्कै पनि पर्याप्त हुँदैन। अस्पताल १२ घण्टा खुल्नु आफैँमा उपलब्धि होइन, ती १२ घण्टामा गुणस्तरीय सेवा उपलब्ध हुनु महत्वपूर्ण हो । चिकित्सक छन् कि छैनन्, आवश्यक औषधि उपलब्ध छ कि छैन, प्रयोगशाला र उपकरण चलिरहेका छन् कि छैनन्, विशेषज्ञ सेवा नियमित छ कि छैन– यिनै प्रश्नले विस्तारित सेवाको वास्तविक मूल्य निर्धारण गर्छन् । बन्दीपुर अस्पतालले विशेषज्ञ सेवा विस्तारमा देखाएको सक्रियता त्यसैले महत्वपूर्ण छ । हाडजोर्नी तथा नशा रोग, इन्टरनल मेडिसिन, स्त्री तथा प्रसूति, बालरोग, रेडियोलोजी, नाक–कान–घाँटी, छाला तथा यौन रोग र मानसिक रोगसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउने तालिका अघि सारिएको छ । स्थानीय अस्पतालमा यस्ता सेवा उपलब्ध हुँदा सामान्य उपचारका लागि मात्र होइन, विशेषज्ञ परामर्शका लागि समेत टाढा जानुपर्ने नागरिकको बाध्यता घट्न सक्छ । तर विशेषज्ञ सेवा पनि 'कहिलेकाहीँ आउने कार्यक्रम'मा सीमित हुनु हुँदैन । नागरिकलाई सेवा कहिले पाइन्छ भन्ने स्पष्ट जानकारी, नियमित तालिका, आवश्यक परीक्षणको व्यवस्था र विशेषज्ञको परामर्शपछि थप उपचारको सुनिश्चितता हुनुपर्छ। अन्यथा विशेषज्ञ सेवा प्रचारको विषय त बन्न सक्छ, तर स्वास्थ्य प्रणालीको स्थायी सुधार बन्न सक्दैन।

बन्दीपुर अस्पतालको अर्को महत्वपूर्ण पहल विशेषज्ञ सेवा गाउँसम्म पुर्‍याउने योजना हो । कुकुर्दी, कल्चोक, साराङघाट र धरमपानीका आधारभूत स्वास्थ्य संस्थामार्फत चिकित्सकीय परीक्षण तथा परामर्श पुर्‍याउने प्रयासले स्वास्थ्य सेवाको विकेन्द्रीकरणको वास्तविक अर्थ बुझाउँछ । अस्पतालसम्म आउन नसक्ने नागरिकलाई अस्पतालको सेवा गाउँसम्म पुर्‍याउनु नै पहुँच विस्तार हो । अब बन्दीपुर गाउँपालिकाले यो अभ्यासलाई कार्यक्रमको सीमाबाट निकालेर स्वास्थ्य नीतिको स्थायी आधार बनाउनुपर्छ । कुन उमेर समूहले कुन समयमा सेवा लिन्छ? कुन रोगका बिरामी बढी छन् ? कुन वडाबाट अस्पतालमा पहुँच कम छ ? विशेषज्ञ सेवाको माग कहाँ बढी छ? कति सेवाग्राहीलाई थप उपचारका लागि अन्यत्र पठाउनुपरेको छ? यस्ता प्रश्नको तथ्याङ्क संकलन गरेर सेवा योजना बनाउनुपर्छ । स्वास्थ्य क्षेत्रमा अर्को ठूलो समस्या सेवा भएको जानकारी नागरिकसम्म नपुग्नु पनि हो। विशेषज्ञ चिकित्सक अस्पतालमा आए पनि गाउँका नागरिकलाई जानकारी नहुने हो भने सेवा कागजमै सीमित हुन्छ । त्यसैले प्रत्येक विशेषज्ञ सेवाको तालिका वडा, स्वास्थ्य संस्था, सामाजिक सञ्जाल र स्थानीय सञ्चारमाध्यममार्फत समयमै सार्वजनिक गर्न आवश्यक छ।

बन्दीपुर अस्पतालको दुई महिनाको तथ्याङ्कले दीर्घकालीन निष्कर्ष निकाल्न पर्याप्त आधार नदिए पनि एउटा महत्वपूर्ण संकेत भने दिएको छ– नागरिकलाई स्वास्थ्य सेवा चाहिएको छ, तर उनीहरूलाई आफ्नो जीवनसँग मिल्ने समयमा सेवा चाहिएको छ। यो सन्देशलाई स्थानीय तहले गम्भीर रूपमा लिनुपर्छ । स्वास्थ्य संस्था कति बजे खुल्यो भन्ने कुरा प्रशासनिक विषय हो; नागरिकले कहिले सेवा पाउन सक्यो भन्ने कुरा सार्वजनिक स्वास्थ्यको विषय हो । त्यसैले अब स्वास्थ्य सेवाको मूल्याङ्कन भवन, बजेट र कर्मचारी संख्याबाट मात्र होइन, सेवाग्राहीले कति सहज रूपमा उपचार पाए भन्ने आधारमा हुनुपर्छ । बन्दीपुर अस्पतालले सुरू गरेको विस्तारित ओपीडी, विशेषज्ञ सेवा र गाउँस्तरीय चिकित्सकीय परामर्शलाई त्यसै दृष्टिले हेर्नुपर्छ । यो पहल निरन्तरता, गुणस्तर र जवाफदेहितासँग जोडिन सक्यो भने स्थानीय स्वास्थ्य सेवामा नयाँ अभ्यास स्थापित हुन सक्छ। अस्पतालको घडी हेरेर बिरामी आउने होइन, नागरिकको घडी हेरेर अस्पतालले सेवा दिने संस्कार विकास गर्नुपर्छ ।

# पार्टी गगनको, वर्चस्व देउवाको

नेपाली कांग्रेसलाई अहिले चुनाव लागेको छ। विशेष महाधिवेशनबाट सभापति चुनिनु भएका गगन थापा नेतृत्वको असोज ३ बाट सुरू भएर वडादेखि गाउँ, नगर र क्षेत्रीय समितिसम्मको अधिवेशन सम्पन्न भएको छ । कांग्रेसको १५औं महाधिवेशनमा भोट हाल्ने कांग्रेस तयार भए भने पनि भयो । यी अधिवेशनलाई नमान्ने अर्काथरि कांग्रेसको अधिवेशन यही असोज १५ बाट सुरू हुने सूचना जारी भइसकेको छ। १४ औं महाधिवेशनबाट निर्वाचित आफ्ना सभापति शेरबहादुर देउवालाई आधिकारिक मान्ने कांग्रेसको भनाइ बेग्लै छ । उनीहरु भन्छन्, जेनजी आन्दोलनमा क्रममा गम्भीर घाइते सभापति शारिरीक र मानसिक रूपमा अशक्त भएको मौका छोपी गरिएको विशेष महाधिवेशन अमान्य छ ।

अपहरणको शैलीमा सभापति देउवालाई अपदस्त गरेर बनाइएका सभापति थापाको समितिलाई उनीहरु मान्ने पक्षमा छैनन् र भन्छन् मुद्दा सर्वोच्च अदालतमा पुनरावलोकनमा छ। यसका लागि देउवालाई निस्सा प्राप्त भएको छ त्यसैले यो विवादमा परेको छ । यसको मतलब हो दुवै पक्षले रूख र चार तारा प्रयोगमा पनि दायित्व हुन्छ होला नि ?

गगन–विश्वले विशेष महाधिवेशन गरेर देउवालाई हटाउँदा प्रतिवादमा ओर्लिएका तिनै साथीले किन छोडे त? यो पनि गम्भीर विषय हो । यसमा देउवाले बताएअनुसार अहिले उहाँसँग दिने केही पनि छैन त्यसैले होला साथीहरूले छोडेर गए । थापा समूहमा पछिल्लो समयमा प्रवेश गरेकालाई पनि पुरानाले विशेषमा साथ नदिएका नवप्रवेशी भनेर कित्ताकाट गरिएको उनीहरूको गुनासो छ ।

अझ गज्जब त यो छ कि महाधिवेशन प्रतिनिधिको चुनावमा अघोषितरूपमा थापा र देउवा समूहको भने जस्तो गरी कित्ताकाट भएको पाइन्छ । कहिकही त सरकारका पार्टीका मान्छेले पुराना होइन नयाँ भनेर भोट मागिदिएको पनि भन्न भ्याए देउवा पक्षका कार्यकर्ताले । तर परिणाम भने अधिकांश जिल्लामा गगनको पार्टीमा देउवा समूहले जितेको दाबी त्यो पक्षले गरेको छ । यसबाट के प्रमाणित हुन्छ भने नेपाली कांग्रेसमा देउवा गाउँदेखि केन्द्रसम्मै बलियो नेता हुन् ।

गगन थापा विद्यार्थी राजनीतिबाट उदाएका सशक्त युवा नेता हुन् त्यसमा नै जनप्रतिनिधि बनाइदिनुभयो । समाजमा एउटा मान सम्मान र पहिचान बनेको थियो अहिले उहाँलाई अप्ठ्यारो परेको बेला छोडेर जाँदा मन भक्कानिएको छ। उता नगए जनप्रतिनिधिको पद जान सक्ने भनिएको पनि उनीहरु सुनाउँछन् ।

चाहे ती वडा, पालिका प्रमुख, उपप्रमुख, प्रदेश सांसद, प्रतिनिधि सभा सांसद वा राष्ट्रिय सभाका किन नहुन उनीहरूलाई पद जोगाउन धौ धौ भएको बिलौना स्वयं देउवालाई नै सुनाएका छन् । यसमा देउवामा उदारपन पाइन्छ। उहाँले भन्नुभएको छ– अदालतले मान्यता दियो भने फर्कनू ।

देउवा र थापा दुवै महाधिवेशन गराउने मुडमा देखिन्छन् भने अधिकांश कार्यकर्ता एकता र मेलमिलापको पक्षमा । तर दुवै नेताका साथमा अतिवादी पनि रहेको गुनासो साधारण कार्यकर्ताको छ उनीहरु भन्छन्– दुई वटा पार्टी बन्यो भने चुनावमा बाकस नथापे भयो । सन्निकट स्थानीय निर्वाचनमा आकाङ्क्षा राख्नेहरु त भन्दै छन् गगनले टिकट नदिएर के हुन्छ र देउवा दाइको टिमबाट लडिन्छ ।

यस्ता खाले मनस्थितिमा छन् कार्यकर्ता।




ल्याउने छन् । देउवा समूहले भनेको छ रूख र चार तारामुनि बस्न चाहनेहरूका लागि सो तर्क यहाँनेर काम लाग्नेछ । थापा समूहको जिकिर छ सर्वोच्च र निर्वाचन आयोगले चार तारे झन्डा र चुनाव चिन्ह रूख आफूहरूलाई दिइसकेकाले आधिकारिकता माथि प्रश्न नै उठ्दैन ।

लामो समयदेखि देउवाका ५०–५५ जना केन्द्रीय सदस्यले आफूहरूको माग पूरा भएको र रूख र झन्डा पनि उतै भएको तर्क गरेर गुट परिवर्तन गरेको बताउँछन्। सहयात्रीहरूले छोडेर गएको विषयमा देउवाको छोटो टिप्पणी छ ओरालो लागेको देखेर होला साथीहरु उता गए अदालतले हामीलाई मान्यता दिएपछि उनीहरु यतै आउँछन् ।

विशेष महाधिवेशनमा नगएका तर देउवा हङकङबाट फर्केको केही दिनपछि उनीहरु थापा समूहमा प्रवेश गरेका हुन्। पञ्चायत, गिरिजाप्रसाद कोइराला, तत्कालीन राजा ज्ञानेन्द्र र माओवादी हिंसामा समेत साथ दिएका साथीहरूले छोड्दा देउवाले पनि एक पटक ती साथीहरूसँग सल्लाह र परामर्श गर्नुपर्ने हो । तर यसमा देउवाको भनाइ गज्जबको छ–वडादेखि सांसद, मन्त्री र अनेक पदमा पनि त मैल नै पुर्‍याइदिएको होइन र ? अहिले मलाई समस्या पर्दा साथीहरूको त दुईमत भएन। तर समयको वेग सँगसँगै बग्नुभन्दा अगाडि दौडन खोजेको जस्तो देखिन्छ । कांग्रेसको जराजरामा कुनै न कुनै माध्यमबाट पुगेका नेता देउवालाई फाल्नु अघि सोच्न नै सकेकनन् कि देउवाको पहुँच र पकट कार्यकर्तामा के छ भनेर ?

पार्टी आधा वा पुरै जे होला त्यसको नेता त गगन हुने नै भए तर पुरै कांग्रेसको भने बन्न सकेनन्, उनको आफ्नै कारणले । उनको पार्टीमा देउवाका कति मान्छे रहेछन् भन्ने हिसाबकिताब त किशोर राठौरले सभापतिमा उठेर गगनलाई हराउने भनेर गरेको उद्घोषबाट नै प्रमाणित हुन्छ। राठौर भन्छन्– अलग पार्टी बनाउनु भन्दा गगनकै पार्टीमा बसेर उनैलाई हराउनु नै बहादुरी हो ।

हामीलाई प्राप्त सूचना र श्रोतले भन्छ– अधिवेशनमा गगनले नसोचेको परिणाम आइरहेको छ । जिल्ला जिल्लामा आपसी गुटबन्दी बढेको छ। देउवा र थापा गुटको नाममा चुनाव लडिएको छ । नेता देउवालाई कार्यकर्ताले सुझाव दिएका पनि थिए अलग पार्टी खोल्नु भन्दा पार्टीमा मेहनत गरे पकड जमाउन सकिन्छ । पछिल्लो परिणामले स्वयं सभापति थापा समेत एकताको दबाबमा परेको बताइन्छ । कार्यकर्ताले थापा समूहमा प्रवेश गर्दा नै भनेका थिए मन रोएको छ। देउवा दाइले चुनावमा कांग्रेसको नाममा दुई वटा उम्मेदवार हुने निश्चित जस्तै छ । जता लडे पनि त कांग्रेस नै हुन । अनि के आउला परिणाम ? यसमा नेता थापा गम्भीर हुन जरूरी छ किनकि उनी युवा नेता हुन् ।

कांग्रेसका कार्यकर्ता भन्छन्–गगन थापा समूहले पन्ध्रौं महाधिवेशनको कार्यक्रमसम्म देउवालाई सभापति मानेर गइयो भने उहाँको दुखेको घाउ र मन दुवैमा मल्हम लाग्नेछ । त्यसपछि गगनलाई सभापति बनाउन पाए देउवाको अनुभव र गगनको नयाँ जोसले पार्टी एकता र बलियो हुने थियो । यसो गर्दा पुराना र नयाँ दुवैको जित हुने थियो । झगडा समाप्त भई कांग्रेसमा नयाँपन र उमङ्ग भरिने थियो ।

शारीरिक र राजनीतिक रूपमा घाइते देउवा पुनः पार्टीको शक्तिमा आउने चाहना र कांग्रेस पार्टीको शक्ति बुझेका थापा पनि पार्टीको सत्तामा पुग्ने चाहनाले समस्या बल्झिएको बुझाइ छ । कांग्रेसका कार्यकर्ता भन्छन्–पाका नेतालाई सम्मान र नयाँलाई अवसर दिन सकियो भने पार्टी बलियो हुनेछ। त्यो एकताको महाधिवेशनबाट मात्रै पूरा गर्न सकिनेछ।

नेपालप्रेसबाट

(लेखक नेपाल प्रेस युनियनका निवर्तमान अध्यक्ष हुन् ।)

## तपाईंको आज

**मेष**
आज आत्मविश्वास बढ्ने दिन छ। काममा नयाँ जिम्मेवारी आउन सक्छ। स्वास्थ्य सामान्य रहनेछ।

**वृष**
आर्थिक पक्ष सबल देखिन्छ। रोकिएका कामहरु अघि बढ्ने संकेत छन्। पारिवारिक सहयोग मिल्नेछ।

**मिथुन**
सञ्चार र बोलिचालीमा सफलता मिल्ने दिन। पढाइ–लेखाइ तथा व्यापारमा लाभको योग छ।

**कर्कट**
भावनात्मक निर्णयले समस्या ल्याउन सक्छ। धैर्य अपनाउनु उचित हुनेछ। परिवारसँग समय बिताउँदा मन हलुका हुनेछ।

**सिंह**
नेतृत्वदायी भूमिका प्राप्त हुने सम्भावना छ। मान–सम्मान बढ्नेछ। कामको चापले थकान महसुस हुन सक्छ।

**कन्य**
योजना अनुसार काम सम्पन्न हुने दिन। अध्ययन, अनुसन्धान र विश्लेषणमा सफलता मिल्नेछ।

**तुला**
सन्तुलन कायम गर्नुपर्ने दिन। साझेदारी काममा सावधानी अपनाउनुहोला। दाम्पत्य जीवनमा समझदारी आवश्यक।

**वृश्चिक**
आन्तरिक शक्ति र आत्मबल बढ्नेछ। गोप्य योजना सफल हुने संकेत छन्। अनावश्यक विवादबाट टाढा रहनु राम्रो।

**धनु**
यात्रा वा नयाँ अनुभवको योग छ। करियरमा सकारात्मक परिवर्तनको सम्भावना। खर्च बढ्न सक्छ, सचेत रहनुहोला।

**मकर**
परिश्रमको उचित फल प्राप्त हुने दिन। जिम्मेवारी बढे पनि आत्मसन्तुष्टि मिल्नेछ। स्वास्थ्यप्रति ध्यान दिनुहोस्।

**कुम्भ**
नवीन सोच र सिर्जनशीलता उजागर हुने दिन। सामाजिक काममा सक्रियता बढ्नेछ। मित्रसँग सहयोग मिल्नेछ।

**मीन**
आध्यात्मिक तथा मानसिक शान्ति मिल्ने दिन। कल्पनाशील काममा सफलता मिल्नेछ।



**श्रृङ्गपथको शेर्का भञ्ज्याङमा पहिरो हटाइदै :** गत हप्ताको अविरल वर्षाका कारण तनहुँको श्रृङ्गपथअन्तर्गत शेर्का भञ्ज्याङ नजिकै सडकमा खसेको पहिरो हटाएर सडक सुचारू गरिएको छ । घिरिङ गाउँपालिकाको जेसिबी प्रयोग गरी सडकमा थुप्रिएको पहिरो हटाइएसँगै सडकमा सवारी आवागमन सहज भएको छ। सडक बिग्रिएका कारण उक्त सडकखण्डमा यात्रा गर्दा सावधानी अपनाउन गाउँपालिकाले आग्रह गरेको छ।
*तस्विर : भञ्ज्याङ*

# डेढ वर्षदेखि विनयीखोलाको पुल अलपत्र

भञ्ज्याङ समाचारदाता/कावासोती

पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपुरको दुम्कीबासस्थित विनयीखोलाको पुल भाँचिएको डेढ वर्ष बितिसक्दा पनि पुनर्निर्माणको काम सुरू हुन सकेको छैन । पुल निर्माणको जिम्मेवारी कसले लिने भन्ने विवाद र बजेट अभावका कारण महत्वपूर्ण राजमार्गको पुल लामो समयदेखि अलपत्र परेको हो। २०८१ पुस २६ गते शिवम् सिमेन्टको सामग्री बोकेको भारतीय हेभी ट्रक पुलबाट पार हुने क्रममा विनयीखोलाको पुरानो ट्रस पुल भाँचिएको थियो । दुर्घटनापछि पुलका क्षतिग्रस्त संरचना अझै खोलामै रहेका छन् । तोकिएको क्षमताभन्दा बढी भार बोकेको भन्दै सरकारले शिवम् सिमेन्टलाई ८६ लाख रूपियाँ जरिबाना गरिसकेको छ ।

पुल भत्किएपछि यसको पुनर्निर्माणको जिम्मेवारीलाई लिएर सडक विभाग र नारायणगढ-बुटवल सडक आयोजनाबीच लामो समय अन्योल रह्यो। सडक विभागअन्तर्गत पुल महाशाखाले नारायणगढ-बुटवल सडक विस्तार आयोजना क्षेत्रभित्र पर्ने भएकाले पुल निर्माणको काम आयोजनाले गर्नुपर्ने बताउँदै आएको थियो । तर, आयोजनाले भने ठेक्का सम्झौतामै पुल निर्माणको काम समावेश नभएकाले थप काम गर्न नसकिने जनाएको छ ।

आयोजनाका निर्देशक चूडाराज ढकालका अनुसार पुल निर्माणका लागि ठेकेदार कम्पनीलाई आग्रह गरिए पनि सम्झौतामा काम समावेश नभएको र उपलब्ध बजेटले समेत नपुग्ने भन्दै ठेकेदारले काम गर्न अस्वीकार गरेको हो । "सम्झौतामा नभएको काम भएकाले बाध्यकारी रूपमा गराउन सकिएन", उहाँले भन्नुभयो ।

आयोजनाले निर्माण नगर्ने भएपछि सरकारले आफैं नयाँ पुल बनाउने तयारी गरेको छ । सडक विभागका अनुसार करिब ५० वर्ष पुरानो पुल भएकाले मर्मत गरेर सञ्चालनमा ल्याउनुभन्दा नयाँ पुल निर्माण गर्नु उपयुक्त हुने निष्कर्ष निकालिएको हो। नयाँ पुल निर्माणका लागि करिब ४५ करोड रूपियाँ आवश्यक पर्ने अनुमान गरिएको छ। सडक डिभिजन भरतपुरले लागत अनुमानसहित स्रोत सुनिश्चितताका लागि फाइल विपत् कोषमा पठाएकोमा ४० करोड रूपियाँ मात्र स्रोत सुनिश्चित भएको सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताउनुभयो । पाँच करोड रूपियाँ अपुग हुँदा अहिलेसम्म टेन्डर प्रक्रिया अघि बढ्न नसकेको उहाँको भनाइ छ ।

**डाइभर्सनमा यात्रुको जोखिम**

पुल भाँचिएपछि केही समय विनयीखोलामा डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिएको थियो । डाइभर्सनका कारण धुलो, जाम र वर्षायाममा आवागमनमा समस्या हुने गरेको थियो । जोखिमकै बीच २०८२ असार ५ गते मध्यराति काठमाडौंबाट नेपालगन्ज जाँदै गरेको भे१ ख ४०८५ नम्बरको रात्रिबस डाइभर्सन पार गर्ने क्रममा विनयीखोलाले बगाएको थियो । सुरक्षाकर्मीले डोजरमार्फत यात्रुको उद्धार गरेका थिए । नारायणगढ-बुटवल सडक विस्तारका क्रममा निर्माण भएको नयाँ पुल सञ्चालनमा आएपछि डाइभर्सनको समस्या हटेको छ । तर, पुरानो पुल भने अझै पुनर्निर्माणको प्रतीक्षामा छ ।

नारायणगढ-बुटवल सडकखण्ड विस्तार भएर चार लेनको बने पनि विनयीखोलामा सञ्चालनमा रहेको पुल दुई लेनको मात्रै छ । चार लेनको सडकबाट तीव्र गतिमा आएका सवारीसाधन पुल क्षेत्रमा पुग्दा दुई लेनमा सीमित हुनुपर्ने भएकाले दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीको भनाइ छ।

पूर्वपश्चिम राजमार्गको महत्वपूर्ण खण्डमा पर्ने यस सडकमा दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गरेको बताइन्छ । पुरानो पुल तत्कालीन समयको सवारी चाप र भारवहन क्षमताका आधारमा निर्माण भएकाले अहिलेको बढ्दो यातायात चाप तथा भारी सवारीसाधनका लागि पर्याप्त नहुने अवस्था रहेको सडक अधिकारीहरु बताउँछन् ।

विशेषगरी ओभरलोड बोकेका भारतीय सवारीसाधनको आवागमनले सडक र पुलमा थप भार पर्ने गरेको छ । क्षमताभन्दा बढी भार बोकेका सवारीलाई सामान्य जरिबाना गरेर मात्रै छाड्ने प्रवृत्तिले पूर्वाधारमा हुने क्षति नियन्त्रण गर्न कठिन भएको सम्बद्ध अधिकारीहरूको भनाइ छ । पुल भाँचिएको डेढ वर्ष बितिसक्दा पनि नयाँ पुल निर्माणको ठेक्का प्रक्रिया अघि बढ्न नसक्दा पूर्वपश्चिम राजमार्गको यो महत्वपूर्ण संरचना कहिले पुनर्निर्माण हुन्छ भन्ने अझै निश्चित हुन सकेको छैन ।

## कांग्रेस क्षेत्रीय.....

सबै पक्षलाई समेटेर संगठनलाई एकताबद्ध बनाउने, कार्यकर्ताबीचको दूरी घटाउने र जनतासँगको सम्बन्ध मजबुत बनाउने विषय नयाँ नेतृत्वका लागि मुख्य जिम्मेवारी बनेको छ ।

क्षेत्रीय सभापति त्रिपाठीले भने आफू निर्वाचित भएसँगै सबै पक्षलाई साथमा लिएर अघि बढ्ने स्पष्ट सन्देश दिएका छन् । पार्टीको गुमेको साख फर्काउने उनको उद्घोषलाई अब संगठन सञ्चालन, कार्यकर्ताको व्यवस्थापन र जनतासँगको सम्बन्धमा व्यवहारमा उतार्ने जिम्मेवारी पनि नयाँ नेतृत्वमाथि आएको छ ।

यस्तै, क्षेत्र नं. १ को माधनिवेशन प्रतिनिधिको मतगणना कार्य जारी रहेको छ भने क्षेत्र नं. २ मा भने बुधबार दिउँसोदेखि मतगणना कार्य चलिरहेको छ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**असोज १७ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७, ९८५६०६०३७६**
**मा सम्पर्क गर्नुहोला ।**
www.bhanjyangnews.com

## वीमालेख हराएको सूचना

*सुचना प्रकाशित मिति : २०८३/०६/१५*

हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीबाट जारि गरिएको तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनि निवेदन परेको हुँदा उक्त बीमालेख उपर कोही कसैको हकदावि भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हकदाबि गर्न आउनुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र उक्त बीमालेख सम्वन्धी कसैले हकदावि गर्न नआएमा निजको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सुचित गरिन्छ ।

| क्र.स. | वीमालेख नम्वर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ULI 4050001281 | मन्दिप श्रेष्ठ | बेशिसहर-२, लमजुङ |

## वीमालेख हराएको सूचना

*सुचना प्रकाशित मिति : २०८३/०६/१५*

हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीबाट जारि गरिएको तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनि निवेदन परेको हुँदा उक्त बीमालेख उपर कोही कसैको हकदावि भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हकदाबि गर्न आउनुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र उक्त बीमालेख सम्वन्धी कसैले हकदावि गर्न नआएमा निजको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सुचित गरिन्छ ।

| क्र.स. | वीमालेख नम्वर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI1610004562 | सुसन श्रेष्ठ | ऋषिङ-८, तनहुँ |

## वीमालेख हराएको सूचना

*सुचना प्रकाशित मिति : २०८३/०६/१५*

हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीबाट जारि गरिएको तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनि निवेदन परेको हुँदा उक्त बीमालेख उपर कोही कसैको हकदावि भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हकदाबि गर्न आउनुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र उक्त बीमालेख सम्वन्धी कसैले हकदावि गर्न नआएमा निजको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सुचित गरिन्छ ।

| क्र.स. | वीमालेख नम्वर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | UL4140001173 | गंगा थापा | हरिनास-७, स्याङजा |

## वीमालेख हराएको सूचना

*सुचना प्रकाशित मिति : २०८३/०६/१५*

हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीबाट जारि गरिएको तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनि निवेदन परेको हुँदा उक्त बीमालेख उपर कोही कसैको हकदावि भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हकदाबि गर्न आउनुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र उक्त बीमालेख सम्वन्धी कसैले हकदावि गर्न नआएमा निजको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सुचित गरिन्छ ।

| क्र.स. | वीमालेख नम्वर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ULI4000003255 | जुना कुमारी थापा | चिसापानी-४, स्याङ्जा |

## दरौंदी नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको ३३ के.भी. प्रसारण लाइन आयोजनाको संक्षिप्त वातावरणीय अध्ययनको लागि सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०६/१५ गते**

नेपाल सरकारको वातावरण संरक्षण नियमावली, २०७७ को खण्ड ६ को नियम ४ को उपनियम १ बमोजिम **मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेड**द्वारा प्रस्तावित **दरौंदी नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको को ३३ के.भी. प्रसारण लाइन आयोजना**को लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसँग अन्तरक्रिया गर्न **सार्वजनिक सुनुवाई** गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले प्रस्तावित आयोजनासँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

**मिति** : २०८३/०६/२४ गते शनिबार, **समयः** दिनको ११:०० बजे
**स्थान** : गोरखा नगरपालिका वडा नं. १४ को कार्यालय, याङकोट

**सम्पर्कको लागि**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| नामः मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेड | नामः अधिका कन्सलटेन्सी प्रा.लि. |
| ठेगानाः बागबजार, काठमाण्डौ म.न.पा. २८, नेपाल | ठेगानाः नयाँ बानेश्वर, काठमाडौं |
| सम्पर्क नंः ०१-५९१४६५५/०६५-५९०२८४ | सम्पर्क नंः ९८४९१५९९३५ |



**दामौली बजारमा बजार सर्वेक्षण :** तनहुँको सदरमुकाम दमौली बजारमा स्थानीय कृषि उत्पादनको बजार अवस्था, उपभोक्ताको माग तथा बिक्रीका सम्भावना बुझ्न बजार सर्वेक्षण गरिदै । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपालअन्तर्गतको गण्डकी साना सिँचाइ आयोजना र व्यास नगरपालिकाको सहकार्यमा दमौली बजारमा पुगेर कृषि उपजको बजार अवस्थाबारे जानकारी लिएको थियो । सर्वेक्षणका क्रममा किसानले बजारमा उपलब्ध कृषि उपज, उपभोक्ताको माग, बिक्रीको अवस्था तथा स्थानीय उत्पादनले बजार पाउन सक्ने सम्भावनाबारे जानकारी संकलन गरिएको छ । सर्वेक्षणका क्रममा किसानले आफूले उत्पादन गर्ने वस्तुको बजार कहाँ छ, कस्तो उत्पादनको माग बढी छ र उत्पादनलाई बजारसम्म कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा समेत जानकारी लिएका छन् । *तस्विर : भञ्ज्याङ*

# भानुमा पशुपन्छीलाई घरदैलोमै खोप

## संक्रामक रोग नियन्त्रणका लागि खोपकर्ता वडा-वडामा परिचालन

**भञ्ज्याङ समाचारदाता/भानु**

पशुजन्य संक्रामक रोगको जोखिम न्यूनीकरण तथा पशुधन संरक्षणका लागि तनहुँको भानु नगरपालिकाले पशुपन्छीलाई नियमित खोप लगाउने अभियान सञ्चालन गरेको छ। नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाको समन्वयमा खोपकर्तालाई वडा-वडामा परिचालन गरिएको हो ।

खोप अभियान सञ्चालन गर्नुअघि नगरपालिकाले खोपकर्ताका लागि खोप सञ्चालन, सुरक्षित व्यवस्थापन र अभिलेख राख्ने प्रक्रियाबारे अभिमुखीकरण गरेको छ । अभिमुखीकरणपछि खोपकर्ता तोकिएको कार्यक्षेत्रमा परिचालित भएका छन् ।

कार्यक्रममा खोपको सुरक्षित भण्डारण तथा व्यवस्थापन, सही विधिबाट खोप लगाउने तरिका, खोप लगाउने उपयुक्त समय, पशु स्वास्थ्यमा खोपको महत्व तथा खोपसम्बन्धी आवश्यक अभिलेख व्यवस्थापनका विषयमा जानकारी दिइएको थियो ।

खोपकर्तालाई नगरपालिकाले आवश्यक भ्याक्सिन तथा सामग्री उपलब्ध गराउँदै कार्यक्षेत्रसमेत विभाजन गरेको छ । तोकिएको वडा तथा कार्ययोजनाअनुसार खोपकर्ताले कृषकका घरदैलोमै पुगेर पशुपन्छीलाई खोप लगाउने



व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ ।

खोप लगाइएका पशुपन्छीको विवरणसमेत व्यवस्थित रूपमा अभिलेखमा राखिनेछ। यसबाट कुन क्षेत्रमा कति पशुपन्छीलाई खोप लगाइयो भन्ने विवरण अद्यावधिक गर्न तथा भविष्यमा रोग नियन्त्रणका कार्यक्रम सञ्चालन गर्न सहज हुने नगरपालिकाको अपेक्षा छ ।

पशुजन्य संक्रामक रोगका कारण कृषकले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था आउन सक्ने भएकाले रोग लागेपछि उपचार गर्नुभन्दा रोगको जोखिम न्यूनीकरणमा जोड दिनुपर्ने पशु स्वास्थ्यकर्मीको भनाइ छ । नियमित खोपले पशुपन्छीलाई विभिन्न संक्रामक रोगबाट जोगाउन तथा पशुधनको उत्पादनशीलता कायम राख्न सहयोग पुऱ्याउने नगरपालिकाले जनाएको छ ।

भानु नगरपालिकाले पशुपन्छीपालनलाई कृषकको आयआर्जनसँग जोड्दै आएको छ। पशुपन्छीमा फैलिन सक्ने संक्रामक रोग नियन्त्रण, पशुधनको संरक्षण र रोगका कारण हुने आर्थिक क्षति न्यूनीकरणका लागि नियमित खोप कार्यक्रमलाई प्रभावकारी बनाउने नगरपालिकाको योजना छ ।

घरदैलोमै पुगेर खोप सेवा उपलब्ध गराउने भएपछि कृषकलाई पशुपन्छी लिएर स्वास्थ्य केन्द्र वा अन्य स्थानमा लैजानुपर्ने बाध्यता पनि कम हुने भएको छ । नगरपालिकाले खोप अभियानमा आवश्यक सहयोग गर्न तथा आˆना पशुपन्छीलाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाउन कृषकलाई आग्रह गरेको छ ।


## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

ट्रम्पले अन्तर्राष्ट्रिय राजनीतिलाई सबैले बुझ्ने गरी सीधा-सपाट बनाइदिएका छन् । दशकौँदेखि अन्तर्राष्ट्रिय सम्बन्धका कठोर र क्रूर यथार्थलाई सुन्दर शब्दावलीले बेरिँदै आएको थियो, जस्तै- मित्रता, ऐक्यबद्धता, साझा मूल्य, अन्तर्राष्ट्रिय समुदाय, नियममा आधारित विश्व व्यवस्था, विकास साझेदारी आदि इत्यादि शब्दहरू। राष्ट्रपति ट्रम्पले वैश्ययुग अनुसार, शब्द आडम्बरको अतिरिक्त नकाब फ्याकि दिएका छन । म यो भन्दै छुइन कि कि ट्रम्पले गरेका छन सही गरेका छन वा गलत; म फगत यतिमात्र भन्दैछु, अनवरत परिवर्तन भइरहने संसारमा राष्ट्रहरूका स्वार्थमात्र स्थाई हुन्छ, मित्रताका वाचाबन्धन होइनन। मानिसको व्यक्तिगत जीवनमा पनि अपवाद बाहेक त्यही होइन र ?

ट्रम्पको 'अमेरिका फर्स्ट' दृष्टिकोणमा ट्रम्प प्रशासनले हरेक विषयमा सोच्छ र सोध्छ- 'What's the swap ? अमेरिकाले पाउने के ?'

राष्ट्रका आ-आफ्ना स्वार्थ स्थायी हुन्छन्, मित्रहरू होइनन्। उदाहरणका लागि, भारतले नेपाललाई कहिले नाकाबन्दी लगाउँछ, कहिले संकटको समयमा सबैभन्दा पहिला कोभिडको इन्जेक्सन पुऱ्याउँछ। भुइँचालो होस् या बाढी, सबैभन्दा पहिला उसैको जहाज सहयोग लिएर काठमाडौँमा अवतरण हुन्छ। चीनका विदेशमन्त्री वाङ यीले हालै नेपाल सरकार र सबै नेपालीले गहिरो गरी बुझ्नुपर्ने वाक्य बोलेका छन्- 'टाढाका नातेदारहरूभन्दा नजिकका छिमेकी काम लाग्ने हुन्छन् ।'



**Tara Nath Dahal**
x.com/tndahal7

नेपालका प्रधानमन्त्री संसदबाट चुनिएका हुन।सिधै जनताबाट चुनिएका होईनन ।

यो सत्य आत्मसात नगरिन्जेल बालेन्द्र सरकार र रास्वपाको सहज बहुमत भएको प्रतिनिधि सभा दुवै प्रभावकारी हुनसक्दैन ।

प्रधानमन्त्रीले संसदलाई सहयोगी मात्र ठान्नु महाभूल हो,संसद त उहकका उत्तरदायी हुनुपर्ने संस्था हो।

# बन्दीपुरको पर्यटनमा नयाँ गन्तव्य थपिंदै, रामकोट प्रवर्द्धनको पहल

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट गाउँको पर्यटन प्रवर्द्धन तथा विकासका लागि गाउँपालिकाले नयाँ पहल थालेको छ। रामकोटलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले गाउँ पुगेर स्थलगत अवलोकन तथा स्थानीयसँग छलफलसमेत गरेको छ । पर्यटन प्रवर्द्धनसँगै भिलेज सफारीको सेवा विस्तार र रामकोटलाई पर्यटन गतिविधिसँग जोड्ने विषयमा समेत छलफल गरिएको जनाइएको छ ।

गाउँपालिकाले रामकोटसँगै



कार्यपालिकाको बैठक बसेर आवश्यक छलफल गरिएको हो ।

बैठकले रामकोट गाउँको पर्यटन सम्भावना पहिचान गरी प्रचार-प्रसार तथा प्रवर्द्धनका कार्यक्रम अघि बढाउने विषयमा छलफल गरेको गाउँपालिकाले जनाएको छ । स्थानीय संस्कृति, जीवनशैली, प्राकृतिक सौन्दर्य र ग्रामीण परिवेशलाई पर्यटनसँग जोड्दै गाउँमा पर्यटकको आगमन बढाउने लक्ष्य राखिएको छ ।

यसैक्रममा बन्दीपुर गाउँपालिकाको टोलीले बन्दीपुर भिलेज सफारीमार्फत रामकोट गाउँ पालिकाभित्र रहेका ओझेलमा परेका अन्य होमस्टे तथा पर्यटकीय गाउँको समेत पहिचान गरी क्रमश: प्रचार-प्रसार र प्रवर्द्धन गर्ने जनाएको छ ।

स्थानीय पर्यटनको विकासमार्फत रोजगारीका अवसर सिर्जना गर्नुका साथै गाउँको आर्थिक गतिविधि बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । ग्रामीण पर्यटनलाई स्थानीय आयआर्जनसँग जोड्दै बन्दीपुरका नयाँ पर्यटकीय गन्तव्यलाई स्थापित गर्ने योजना अघि बढाइएको गाउँपालिकाले जनाएको छ ।


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४